# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुन्दरबजार,लमजुङ
गण्डकी प्रदेश, नेपाल

च.नं.
प.स. ०७६।०७७

सुचना प्रकाशन मितिः २०७६।०७।१५

तरकारी खेती/च्याउ खेती/मौरी पालन व्यावसाय सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ।॥

यस नगरपालिकाको आ.व.२०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई तरकारी खेती/च्याउ खेती/मौरी पालन व्यावसाय सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वोरोजगार सिर्जना र प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदाँ ईच्छुक १८ देखी ५० वर्ष उमेर भित्रका अर्ध वेरोजगार/वेरोजगार इच्छुक व्यावसायी युवा/युवतीहरुबाट दरखास्त आव्हानको लागी यो सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशन भएको मितिले २५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा तोकिएको प्रस्तावको नमुना वमोजिम व्यावसाय प्रस्ताव तयार गरी सम्बद्ध कागजात संलग्न गरी नगर कृषि विकास कार्यलयमा दरखास्त दिनुहुन अनुरोध गरिन्छ। आवेदनका साथ तपशिल अनुसारका कागजातहरु संलग्न राखी पेश गर्नुपर्ने व्यहोरा समेत यसै सूचनाद्धारा अग्रिम जानकारी गराइन्छ।

तपशिलः

१) तोकिए बमोजिमको आवेदन फाराममा भरिएको दर्खास्त। (११ वटै वडा कार्यलय र नगर कृषि विकास शाखामा निशुल्क प्राप्त गर्न सकिनेछ।)

२) तोकिएको ढाँचामा तयार गरिएको आफ्नो व्यावसायीक योजनाको प्रस्ताव। यसको नमुना बुदाँ १ कै स्थानमा निशुल्क प्राप्त गर्न सकिनेछ।

३) नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपि।

४) वैदेशिक रोजगारमा गएको प्रमाणित कागजात। (राहदानी र भिसाको प्रतिलिपि)

५) जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि

६) व्यावसाय संचालन गर्न खोजेको जग्गा लिजमा लिएको भए लिजमा लिएको संम्भौताको कागजको फोटोकपी वा भाडामा दिने व्यक्तिले गरेको प्रतिबद्धताको कागज।

७) वसोवास गरीरहेको वडा कार्यलयको सिफारिस पत्र।

८) हालसालै खिचेको पासपोर्ट साईजको फोटो।

९) आफूसँग भएका अन्य थप कागजात भएमा सो को फोटोकपीहरु। (तालिमको प्रमाणपत्र वा अन्य)

७/१५

ठाकुरजी तिवारीं

ठाकुर जी तिवारी
उप-सचिव

नोटः थप जानकारीको लागी कृषि विकास शाखा कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।